# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, कार्तिक १९ गते, २०७६ साल (अतिरिक्ताङ्क ४२

# भाग २

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्राईभेट फर्म दता ऐन, २०७६ को कार्यान्वयनको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "प्राइभेट फर्म दर्ता नियमावली, २०७६" सर्व साधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### प्राइभेट फर्म दर्ता नियमावली, २०७६

प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम प्राइभेट फर्म दर्ता नियमावली, २०७६ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो नियमावली प्रदेश नं.५ भर लागु हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमाः-

(क) "**ऐन**" भन्नाले प्राइभेट फर्म दर्ता ऐन, २०७६ सम्झनु पर्दछ।

(ख) "**निर्देशनालय**" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयलाई सम्झनु पर्दछ ।

(ग) "**मन्त्रालय**" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. ५ लाई सम्झनु पर्दछ ।

(घ) "**सम्बन्धित निकाय**" भन्नाले निर्देशनालयलाई सम्झनु पर्दछ र सो शब्दले सम्बन्धित स्थानीय तह समेतलाई जनाउँदछ ।

३. **प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्नेः** (१) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले सम्बन्धित निकायमा एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले आफ्नो फर्म दर्ता गर्न दरखास्त दिंदा ऐनको दफा ४ को उपदफा (१) बमोजिमको विवरण, कागजात र सम्बन्धित निकायले तोकेका अन्य कागजात पेश गर्नु पर्नेछ ।

४. **फर्म दर्ता दस्तुरः** (१) देहायको पूँजी भएको प्राइभेट फर्म दर्ता गर्दा देहाय बमोजिम दर्ता दस्तुर लाग्नेछ :-

(क) पाँचलाख रुपैंयाँसम्म — एकहजार रुपैयाँ ।

(ख) पाँचलाख रुपैयाँ भन्दा बढी बीसलाख रुपैयाँसम्म — पाँचहजार रुपैयाँ ।

(ग) बीसलाख रुपैयाँ भन्दा बढी पचासलाख रुपैयाँसम्म — पन्ध्रहजार रुपैयाँ ।

(घ) पचासलाख रुपैयाँ भन्दा बढी जतिसुकै भएपनि — पच्चीसहजार रुपैयाँ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिलाई उपनियम (१) मा उल्लिखित दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

(३) अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिले उपनियम (२) बमोजिमको सुविधाको लागि आधिकारिक निकायबाट जारी गरिएको अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्ति पहिचान हुने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

५. **<u>प्राइभेट फर्मको दर्ता:</u>** (१) नियम ३ बमोजिम प्राइभेट फर्म दर्ता गर्न दरखास्त परेपछि सम्बन्धित निकायले आवश्यक जाँचबुझ गरी प्राइभेट फर्म दर्ता गर्न मनासिब देखेमा अनुसूची-२ बमोजिमको दर्ता किताबमा दर्ता गरी वाणिज्य सम्बन्धी फर्म भए अनुसूची-३ बमोजिमको र उद्योग सम्बन्धी फर्म भए अनुसूची-४ बमोजिमको प्रमाणपत्र दरखास्तवालालाई दिनु पर्नेछ ।

(२) सम्बन्धित निकायले निश्चित हदसम्म पूँजी भएको फर्म दर्ता गर्ने, नवीकरण गर्ने, अद्यावधिक गर्ने, खारेज गर्ने लगायतका अधिकार आफू मातहतको कुनै कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) सम्बन्धित निकायले फर्मको उद्देश्य र कारोबारका आधारमा प्राइभेट फर्म दर्तासम्बन्धी आवश्यक मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

६. **प्राइभेट फर्मको अवधी र नवीकरणः** (१) यस नियमावली बमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि पाँच आर्थिक वर्षको हुनेछ र सो अवधि भुक्तान भएपछि नवीकरण गर्दा तीन आर्थिक वर्षको लागि गरिनेछ।

(२) प्राइभेट फर्म नवीकरण गराउन चाहाने प्राइभेट फर्मको धनीले उपनियम (१) को अवधि समाप्त भएको मितिले छ महिना भित्र देहाय बमोजिमको कागजात संलग्न गरी सम्बन्धित निकायमा अनुसूची-५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,
(ख) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ग) एककरोड रुपैयाँ वा सो भन्दा बढी पूँजी भएको प्राइभेट फर्मको हकमा लेखापरीक्षण प्रतिवेदन र
(घ) अघिल्लो आर्थिक वर्षको कर तिरेको प्रमाणपत्र

(३) उपनियम (२) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित निकायले नियम ४ को उपनियम (१) बमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको बीस प्रतिशत दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको अवधि भित्र प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले आफ्नो प्राइभेट फर्म समय भित्र नवीकरण गराउन नसकेको मनासिब कारण देखाई नवीकरणको लागि दरखास्त दिएमा त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा सो कारण मनासिब देखिए सम्बन्धित निकायले प्राइभेट फर्मको

नवीकरण गराउने अवधि समाप्त भएको मितिबाट छ महिनासम्म नियम ४ को उपनियम (१) बमोजिमको दस्तुरको पचास प्रतिशत दस्तुर र सो समय भित्रपनि नवीकरण नगराएमा सो अवधि समाप्त भएको दिनदेखि एक वर्ष सम्म नियम ४ को उपनियम (१) बमोजिमको दस्तुर लिई त्यस्तो फर्मको नवीकरण गर्न सकिनेछ।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र पनि कुनै प्राइभेट फर्म नवीकरण नगराएमा सम्बन्धित निकायले ऐनको दफा ११ बमोजिम फर्म खारेजीको कारवाही गर्नेछ ।

७. **<u>दर्ता अद्यावधिक र नवीकरण</u>**: (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको फर्मले दर्ता अद्यावधिक गर्न ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र अनुसूची-६ बमोजिमको ढाँचामा सम्बन्धित निकाय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम अद्यावधिक गर्न दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो फर्मको दर्ता अद्यावधिक गरी प्रमाणपत्र दिनु पर्नेछ र दर्ता अद्यावधिक भएको फर्मको अवधि उक्त फर्म नवीकरण गर्नुपर्ने अवधि जति बाँकी छ सो अवधि नघट्ने गरी सो आर्थिक वर्षको अन्तिम दिन सम्म कायम रहनेछ।

(३) ऐनको दफा ५ को उपदफा (२) आकर्षित हुने प्राइभेट फर्महरुको हकमा त्यस्ता प्राइभेट फर्मका धनीले एक पटकको लागि ऐन प्रारम्भ भएका मितिले एक वर्ष भित्र अनुसूची-७ बमोजिमको ढाँचामा फर्म नवीकरण गरी अद्यावधिक गर्नका लागि एकसय रुपैयाँ दरखास्त दस्तुर सहित सम्बन्धित निकाय समक्ष दरखास्त दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम नवीकरणका लागि दरखास्त परेमा सम्बन्धित निकायले फर्म धनीसंग देहायको दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिन सक्नेछः-

(क) यो नियम प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर दस्तुर र नवीकरण गराउन नसकेको बीसलाख सम्म पूँजी भएको प्राइभेट फर्मको हकमा त्यस्ता प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि थप दुईहजार पाँचसय रुपैयाँ र

(ख) बीसलाख भन्दा बढी पूँजी भएको प्राइभेट फर्मबाट खण्ड (क) बमोजिको नवीकरण दस्तुर र प्रत्येक वर्षका लागि थप पाँचहजार रुपैयाँ।

(५) उपनियम (४) बमोजिम फर्म नवीकरण गरी दर्ता अद्यावधिकको प्रमाणपत्र दिनु पर्नेछ।

(६) यस नियम बमोजिम अद्यावधिक भएका फर्मको अवधि समाप्त भएपछि नियम ६ को उपनियम (३) बमोजिमको दस्तुर लिई तीन आर्थिक वर्षका लागि नवीकरण गर्नु पर्नेछ ।

८. <u>**स्थानीय तहमा प्राइभेट फर्म दर्ताः**</u> (१) ऐनको दफा ६ को प्रयोजनको लागि ऐन र यस नियमावलीको अधिनमा रहि रु. पाँचलाख सम्म पूँजी भएको प्राइभेट फर्म सम्बन्धित स्थानीय तहमा दर्ता, नवीकरण र अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता भएको प्राइभेट फर्मको सम्बन्धमा यस नियमावलीका व्यवस्थाहरु आवश्यक हेरफेर (म्यूटाटिस मुटान्डिस) सहित लागू हुनेछन्।

९. **साईनबोर्ड राखु पर्ने:** प्राइभेट फर्म दर्ता भएपछि त्यस्तो फर्म धनीको नाम, फर्मको नाम, ठेगाना, दर्ता नं. र मिति प्रस्ट उल्लेख भएको प्रचलित मापदण्ड बमोजिमको साईनबोर्ड कारोबार स्थलमा राखु पर्नेछ।

१०. **विवरण हेरफेर सम्बन्धी जानकारी:** (१) कुनै प्राइभेट फर्मको धनीले आफ्नो प्राइभेट फर्म दर्ता गराउँदा दिएको विवरण हेरफेर गर्न चाहेमा हेरफेर गर्नुपर्ने विवरणहरु खुलाई सोको लिखित जानकारी सम्बन्धित निकायमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सो सम्बन्धमा जाँचबुझ गरी सम्बन्धित निकायले त्यस्तो विवरण हेरफेर गर्न पन्ध्र दिन भित्र स्वीकृति दिन सक्नेछ।

(३) उपनिपयम (२) बमोजिमको संशोधनको जानकारी सम्बन्धित निकायले सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनु पर्नेछ ।

११. **प्रतिलिपि लिन सकिने:** (१) यस नियमावली बमोजिम प्रदान गरिएको प्रमाण-पत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा फर्मको धनीले फर्म दर्ता गरेको निकायमा प्रतिलिपि लिनका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखिएमा दर्ता गरेको निकायले एकहजार रुपैयाँ प्रतिलिपि दस्तुर लिई निवेदकलाई प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

१२. **विवरण उपलब्ध गराउनुपर्नेः** (१) ऐनको दफा १० को उपदफा (१) बमोजिम कुनै प्राइभेट फर्महरुको विवरण सम्बन्धित निकायले मागेमा त्यस्तो फर्मको धनीले सात दिन भित्र त्यस्तो विवरण उपलब्ध गराउनुपर्नेछ र कुनै कारणवस सो समयभित्र विवरण उपलब्ध गराउन नसकिने भएमा सोको जानकारी सम्बन्धित निकायलाई लिखित रुपमा गराई समय माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समय थपको लागि माग गरेमा अवस्था हेरी विवरण माग गर्ने निकायले त्यस्तो विवरण पेश गर्न बढीमा पन्ध्र दिनसम्म समय थप गर्नसक्नेछ।

१३. **खारेजीको लागि निवेदन दिनुपर्नेः** (१) ऐनको दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम फर्म धनीले मनासिब कारण देखाई आफ्नो फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित आफ्नो फर्म खारेजीको लागि सम्बन्धित निकायमा अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम फर्म खारेजीको लागि निवेदन परेमा सम्बन्धित निकायले खारेज गर्नु अघि सम्मको सम्पूर्ण बाँकी बक्यौता, कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको कानून बमोजिम लाग्ने दस्तुर तथा जरिवाना समेत निजबाट असूल गरी प्राइभेट फर्म खारेज गरी दर्ता किताबबाट लगत कट्टा गर्नुपर्नेछ ।

१४. **<u>अनुगमन सम्बन्धी व्यवस्था</u>**: मन्त्रालय र मातहतका निकायले समय समयमा ऐन र यस नियमावली बमोजिम दर्ता एवं सञ्चालन भएका प्राइभेट फर्मको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

१५. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थप घट गर्न सक्नेछ ।

१६. **<u>नियमावलीको व्यवस्था लागू हुने:</u>** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो नियमावली प्रारम्भ भएपछि प्राइभेट फर्मको दर्ता र नवीकरण दस्तुरका सम्बन्धमा यस नियमावलीको व्यवस्था लागू हुनेछ ।

अनुसूची - १

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**प्राइभेट फर्म दर्तासम्बन्धी दरखास्त**

मितिः२०/ /

**विषयः प्राइभेट फर्म दर्ता गरी दिनुहुन ।**

श्री ..................................................................

.......................................................................

प्रदेश नं. ५, .................।

महोदय,

निम्न बमोजिम उद्योग/व्यापार व्यवसाय गर्न देहायमा उल्लेख भएको नामको प्राइभेट फर्म मेरो नाममा दर्ता गराउन इच्छुक भएकोले आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

१. फर्मको पूरा नामः-

२. फर्मको पूरा ठेगानाः-

३. फर्मको उद्देश्यः-

४. फर्मको पूँजी-

५. कारोबार गर्ने वस्तु, सेवा तथा कामको विवरणः-

६. प्राइभेट फर्मको धनीको तीन पुस्ते नाम, थर, वतनः

दरखास्तवालाको लेखात्मक र रेखात्मक दुवै औंठाको सहिछापः

लेखात्मक सहिः दायाँ बायाँ

ईति सम्वत २०....... साल .......गते .........रोज शुभम् ।

अनुसूची -२

(नियम ५ को उपनियम(१) सँग सम्बन्धित)

**<u>प्राइभेट फर्मको दर्ता किताब</u>**

| दर्ता नं. | फर्म दर्ता मिति | फर्मको नाम | फर्मको उद्देश्य | फर्मको पूँजी | फर्मको ठेगाना | फर्म धनीको नाम/थर | फर्म धनीको स्थायी ठेगाना | फर्म धनीको बुबा/आमाको नाम/थर | स्थायी लेखा नं. | फर्म धनीको सम्पर्क नं. | फर्म धनीको पासपोर्ट साइजको फोटो | फर्म धनीको सहि र औँठाछाप | प्रमाणित गर्ने अधिकारीको सहि छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |

अनुसूची - ३

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**<u>वाणिज्य सम्बन्धी फर्म दर्ताको प्रमाण- पत्र</u>**

| प्राइभेट फर्म धनीको फोटो |
|---|

प्रदेश सरकार

प्रदेश नं. ५

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

.......................

प्रा.फ.दर्ता नं.

**<u>प्रमाण - पत्र</u>**

देहाय बमोजिमको विवरण भएको ................फर्म मिति ...........मा प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

विवरण

प्राइभेट फर्म धनी (प्रोप्राइटर) को नाम/थर

फर्म धनीको नागरिकता नं............

ठेगानाः

फर्मको ठेगानाः

प्राइभेट फर्मको पूँजीः

प्राइभेट फर्मको उद्देश्यः

.........................

मिति

## नवीकरणको विवरण

**फर्मको नामः**

| नवीकरण गरेको मिति | नवीकरण पछि बहाल रहने मिति | बुझाएको दस्तुर रु. | रसिद नं. / भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूची - ४

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**<u>उद्योग सम्बन्धी फर्म दर्ताको प्रमाण - पत्र</u>**

प्रदेश सरकार

प्रदेश नं. ५

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

......................

प्रा.फ.दर्ता नं.

| प्राइभेट फर्म धनीको फोटो |
|---|

<u>प्रमाण-पत्र</u>

देहाय बमोजिमको विवरण भएको..............फर्म मिति ............मा प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

प्राइभेट फर्म धनीको नाम/थरः

फर्म धनीको नागरिकता नंः.................

ठेगानाः

फर्मको ठेगानाः

प्राइभेट फर्मको पूँजीः

प्राइभेट फर्मको उद्देश्यः

विद्युत शक्ति (किलोवाट)ः

..........................

मितिः

## नवीकरणको विवरण

**फर्मको नामः**

| नवीकरण गरेको मिति | नवीकरण पछि बहाल रहने मिति | बुझाएको दस्तुर रु. | रसिद नं. /भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूची - ५

नियम ६ को उपनियम (२) सँग सम्बन्धित

**प्राइभेट फर्म नवीकरण सम्बन्धी दरखास्त**

मितिः २०   /   /

**विषयः प्राइभेट फर्म नवीकरण गरी दिनुहुन।**

श्री ...................................................................

.......................................................................

प्रदेश नं ५,.........................।

महोदय,

मेरो नाममा रहेको..........................................................नामको प्राइभेट फर्म दर्ता नं..................... को नवीकरण गरी दिनुहुन अनुरोध गर्दछु । नवीकरणका लागि आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न छ ।

निवदेकः

प्राइभेट फर्म धनीको

नाम/थर............

दस्तखतः............

ठेगानाः

अनुसूची - ६

नियम ७ को उपनियम (१) सँग सम्बन्धित

**प्राइभेट फर्म अद्यावधिक सम्बन्धी दरखास्त**

मितिः२०   /   /

**विषयः प्राइभेट फर्म अद्यावधिक गरी दिनुहुन ।**

श्री ..................................................................

........................................................................

प्रदेश नं ५,.......................।

महोदय,

देहाय बमोजिमको विवरण भएको प्राईभेट फर्म मिति .................मा दर्ता भई पछिल्लो पटक मिति ............................... मा नवीकरण भएकाले अद्यावधिक गरी दिनुहुन अनुरोध गर्दछु ।

१. फर्मको नामः-

२. फर्मको ठेगानाः-

३. फर्मको उद्देश्यः-

४. फर्मले कारोवार गर्ने वस्तु तथा सेवाको विवरणः-

५. बाजे/बज्यैको नाम/थरः-

६. बुवाको नाम/थरः-

७. आमाको नाम/थरः-

८. सम्पर्क नं.

लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवदेकः

प्राइभेट फर्म धनीको

नाम/थर............

दस्तखतः............

ठेगाना:

अनुसूची - ७

(नियम ७ को उपनियम (३) सँग सम्वन्धित)

**प्राइभेट फर्म नवीकरण र अध्यावधिक सम्बन्धी दरखास्त**

मितिः२०    /    /

**विषयः प्राइभेट फर्म नवीकरण र अद्यावधिक गरी दिनुहुन ।**

श्री .....................................................................

.........................................................................

प्रदेश नं ५,.......................।

देहाय बमोजिमको विवरण भएको प्राइभेट फर्म मिति .......................मा दर्ता भएको र मिति ..................................मा नवीकरणगर्ने अवधि समाप्त भै नवीकरण हुन नसकेकाले नवीकरण गरी अद्यावधिक समेत गरी दिनुहुन अनुरोध गर्दछु ।

१. फर्मको नामः-

२. फर्मको ठेगानाः-

३. फर्मको उद्देश्यः-

४.फर्मले कारोवार गर्ने वस्तु तथा सेवाको विवरणः-

५. बाजे/बज्यैको नाम/थरः-

६.बुवाको नाम/थरः-

७.आमाको नाम/थरः-

८.सम्पर्क नं.

लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

निवदेकः

प्राइभेट फर्म धनीको

नाम/थर............

दस्तखतः............

ठेगानाः

अनुसूची - ८

(नियम-१३ को उपनियम (१) सँग सम्बन्धित)

**प्राइभेट फर्म खारेज सम्बन्धी निवेदन**

मितिः२० / /

**विषयः प्राइभेट फर्म खारेज गरिदिनुहुन।**

श्री ..................................................................

.......................................................................

प्रदेश नं ५,......................।

महोदय,

मेरो नाममा रहेको .................. दर्ता नं..............भएको........................ नामको प्राइभेट फर्म ....................................कारणले गर्दा अबदेखि सञ्चालन गर्न नसक्ने भएकोले दर्ता खारेज गरिदिनुहुन अनुरोध गर्दछु ।

निवदेकः

प्राइभेट फर्म धनीको

नाम/थर...........

ठेगानाः

दस्तखतः............

**आज्ञाले,**

**शंकरप्रसाद खरेल**

**प्रदेश सचिव**